रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड

**Reliable Nepal Life Insurance Limited**

मिति: २०८२/०२/०८

च.नं. १९६५ /२०८१/८२

श्री नेपाल स्टक ऐक्सचेन्ज लिमिटेड,
भद्रकाली प्लाजा, काठमाण्डौ ।

**विषयः वार्षिक साधारण सभाको जानकारी तथा शेयरधनीहरुको दर्ता किताव वन्द सम्वन्धी जानकारी सम्वन्धमा ।**

उपरोक्त सम्वन्धमा यस कम्पनीको मिति २०८२/०२/०७ मा अपरान्हको ५.३० मा वसेको सञ्चालक समितिको १५१ औं बैठकको निर्णय अनुसार यस कम्पनीको आठौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयहरु उपर छलफल गर्न वस्ने व्यहोरा जानकारीको लागि अनुरोध छ ।

**वार्षिक साधारण सभा वस्ने**

मिति: २०८२/०३/०२
समय: विहानको ११:०० वजे
स्थान: आम्रपाली व्यांकेट, भाटभटेनी, काठमाण्डौ ।
छलफलका विषयहरु:

**छलफलका विषयहरु :**

(१) सामान्य प्रस्तावहरु :-

(क) संचालक समितिको आठौं वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(ख) लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तको Statement of Financial Position, Statement of Cash Flow, Statement of Change in Equity, २०८० श्रावण १ गतेवाट २०८१ आषाढ मसान्तसम्मको Nepal Financial Reporting Standard (NFRS) अनुसारको Statement of Profit or Loss, Consolidated Statement of Other Comprehensive Income, Statement of Distributable Profit or Loss तथा संलग्न अनुसुचिहरु उपर छलफल गरी पारित गर्ने ।

(ग) यस कम्पनीको सहायक कम्पनी रिलायवल इन्भेष्टमेन्ट एण्ड मर्चेण्ट क्यापिटल लिमिटेडको आ.व. २०८०/०८१ को वित्तीय विवरणहरु सहितको एकिकृत वित्तीय विवरण छलफल गरी पारित गर्ने ।

घ) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८१/८२ को लागि लेखापरीक्षण समितिवाट सिफारीस गरिएका लेखापरीक्षक नियुक्त, गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने (हालका लेखापरीक्षक श्री सुजन काफ्ले एण्ड एसोसिएटस, चार्टडएकाउन्टेन्ट् पुन: नियूक्तिको लागि योग्य हुनुहुन्छ) ।

(ङ) कम्पनीको आ.व. २०८०/८१ सम्मको वितरण योग्य मुनाफाबाट हाल कायम रहेको चुक्ता पुँजी रु. ४ अर्व ६४ करोडको ०.६३ प्रतिशतले हुने रकम विशेष प्रस्तावमा प्रस्ताव गरीए बमोजिमको वोनस शेयर जारी गर्दा लाग्ने लाभांश कर प्रयोजनको लागि स्वीकृत गर्ने ।

(ख) विशेष प्रस्ताव

(क) संचालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम रहेको चुक्ता पुँजी रु. ४,६४,००,००,०००।०० को १२ प्रतिशतले हुने वोनस शेयर जारी गर्ने प्रस्ताव पारीत गर्ने ।

(ख) वोनस शेयर जारी पश्चात कम्पनीको चुक्ता पुँजी रु. ५,१९,६८,००,०००।०० पुग्ने हुँदा सोही बमोजिम कम्पनीको प्रवन्धपत्रको दफा ६ (ख) मा भएको तत्कालिन चुक्ता पुँजी सम्वन्धी व्यवस्था संशोधन गर्ने सम्वन्धी प्रस्ताव पारित गर्ने ।

(ग) संशोधित प्रवन्धपत्र अभिलेख गर्ने क्रममा: नियमनकारी निकायहरुवाट कुनै फेरवदल गर्न वा अन्य आवश्यक कार्यहरु गर्न नियमनकारी निकायवाट निर्देशन प्राप्त भएमा सो अनुसार गर्नको लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(३) विविध :-

**वार्षिक साधारण सभाको प्रयोजनको लागि शेयरधनीहरुको दर्ता किताव मिति २०८२/२/२६ गते १ (एक) दिनका लागि वन्द रहनेछ र सो बमोजिम मिति २०८२/०२/२६ गतेको अघिल्लो दिन अर्थात मिति २०८२/०२/२५ गते सम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा कारोवार भई प्रचलित नियमानुसारको समयावधि भित्र यस कम्पनीमा प्राप्त गरेको शेयर नामसारीको लिखतको विवरणका आधारमा शेयर दर्ता किताबमा कायम शेयरधनीहरुले मात्र वार्षिक साधारण सभामा भाग लिन, मतदान गर्न तथा लाभांश प्राप्त गर्नको लागि योग्य रहनु हुने हुँदा सो शेयरधनीहरुको विवरण यथासिघ्र उपलब्ध गराई वार्षिक साधारण सभाका अन्य कार्यहरुको लागि सहयोग गरीदिनुहुन समेत अनुरोध गर्दछु ।**

भवदीय

Reliable Nepal Life Insurance Kathmandu

माधव राज शर्मा पोखरेल
कम्पनी सचिव